## बाढी पहिरोबाट मृत्यु/घाइते

| सिन | जिल्ला | बिबरण | क्षतिको किसिम |
|---|---|---|---|
| १ | धनकुटा | १२ गते अं ०३१५ बजे पाख्रीबास नपा ५ गुरासे देवीथान स्थित बस्ने सन्तोष तामाङको घरमा राखेको सामान निकाल्न जादा निजको श्रीमती वर्ष अन्दाजी ३०/३२ की आशा तामाङ र आशा तामाङको आमा (माईती घरको) वर्ष ५० की रामकुमारी तामाङ र घर समेतलाई ऊक्त पहीरोले पुरिएको भनि निज सन्तोष तामाङले इप्रका पाख्रीवासमा जानकारी गराउन साथ प्रबनानिको कमाण्डमा ६ जनाको प्रहरी टोलि खटी गएको, उक्त घरमा सामान निकाल्न जाने क्रममा ऐ.ऐ बस्ने श्रीमती वर्ष २४ कि मिन माया तामाङ(गर्भवती रहेकी) समान्य घाईते भई उपचारको लागी जिल्ला अस्पताल धनकुटा तर्फ पठाइएको,अवस्था सामन्य रहेको । ऐ.-०७०० बजेको समयमा जिप्रका धनकुटा बाट प्रउ श्याम सिंह चौधरी सहित नेपाली सेना,शसस्त्र प्रहरीको टोली समेत घटनास्थलमा पुगी पुरिएका २ जना लाई मृत अवस्थामा फेला पारी लास जिल्ला अस्पताल धनकुटा तर्फ पठाएको। | पहिरोले मानिस पुरी मृत्यु २ जना घाइते १ जना |
| २ | झापा | ११ गते के कुन समयमा गौरीगंज गापा २ पश्चिम भाकुरमारी स्थित सुकुमबासी टोल बस्ने वर्ष अन्दाजी ५५ को केनालाल राजवंशीले के कुन कारण घर नजिकै रहेको कृष्णे खोलामा हाम्फालेको भनि स्थानीय मानिसहरुले जानकारी गराउन साथ ईप्रका गौरीगंजबाट प्रनिको टोली खटि गई खोजतलास तथा थप बुझ्ने कार्य भई रहेको । | मानिस खोलामा हाम फाली बेपता १ जना |
| ३ | झापा | ११ गते अ. १५:३० बजे कचनकवल गापा १ चमर भित्ता स्थित ऐ.ऐ. बस्ने पन्चु राजवंशीको छोरी बर्ष अं १४ की नेहारिका राजवंशीलाई जमुवा खोलाको कज्वेबाट खोलाले बगाई लगेको खबर प्रचौ घेराबारीमा स्थानियले जानकारी गराउन साथ प्रसनिको टोली र सप्रबल नेपाल BOP घेराबारीबाट सप्रनानिको कमाण्डमा ७ जना टोली खटी गई खोजतलास कार्य भई रहेको । | खोलाले बगाइ बेपत्ता १ जना |
| ४ | झापा | ११ गते अ.१८:०० बजे कमल गापा १ बस्ने बर्ष ३५ को टिकाराम चौधरी ऐ.कमल गाउपालिका १ स्थितमा रहेको कृष्ने खोलामा माछा मार्ने क्रममा खोलामा डुबि हराई बेपता भएको भन्ने खबर स्थानियले ईप्रका गौरादहमा जानकारी गराउन साथ प्रबनानिको कमाण्डमा ४ जना, प्रहरी चौकी तोपगाछिबाट प्रसनिको कमाण्डमा ३ को टोली र स्थानिय बासी समेत खटि गई खोत कार्य भईरहेको । | डुबि बेपता १ जना |
| ५ | इलाम | ११ गते १३१० बजे माई नपा ८ सेते खोला स्थित ऐ. बस्ने वर्ष ६८ को मैत बहादुर लिम्बू उक्त खोला तर्ने क्रममा बगाएकोमा उपचारको लागी लाने क्रममा बाटोमा मृत्यु भएको भनी ऐ. अस्पतालको प्रकले जानकारी गराएको, लाश प्रादेशक अस्पताल झापामा रहेको । | खोलाले बगाई मृत्यु १ जना |

| | | | |
|---|---|---|---|
| ६ | मोरङ | १० गते रतुवामाई नपा ७ बस्ने बर्ष ७२ की डुरो देवी राजबशी झापा गौरादह नपा ६ छोरी देववती राजवशीको घरबाट १२३० बजे हिडेकोमा अफ्नो घर मोरङ रतुवामाई नपा ७ सिजुवा तर्फ आउदै गर्दा रतुवा खोला तर्ने क्रममा खोलाले बगाएको भनि निजको छोरा देबी प्रसाद राजबशीले आज ११ गते ११०० बजे इप्रका सिजुवामा जानकारी गराउन साथ प्रनि होम अधिकारीको कमाण्डमा ५ जनाको टोली खटि गई स्थानिय मानिस र ईप्रका गैरिगंज झापा सँग समन्यव गरी खोत कार्य भई रहेको। | खोलाले बगाई बेपत्ता १ जना |
| ७ | पाँचथर | १२ गते अं. ०५;४५ बजे फिदिम न.पा. ४ चिसापानीस्थित पहिरो गई आदिवासी जनजाति महासंघको ट्रसको छानो भएको एक तले पक्कि सामुदायिक भवनको माथिल्लो तलामा ५ जना मानिसहरु सुतिरहेको अवस्थामा उक्त भवनको माथिबाट अचानक पहिरो झरी उक्त भवन पुरिदा ऐ.४ बस्ने अं. वर्ष २५ की फुर्लु शेर्पा (सामुदायिक भवनको रेखदेख गर्ने) सहित अन्य २ जना जना मानिसहरु भागि शकुसल रहेको र अन्य २ जनालाई उद्धार तथा खोज तलास गर्ने क्रममा उक्त फुर्लु शेर्पाकोमा पाहुना आएकी ऐ.फिदिम नपा १२ बस्ने अं. वर्ष २४ की सपना शेर्पा र निजको छोरी अं. वर्ष ६ की डोल्मा शेर्पा पहिरोमा पुरि मृत अवस्थामा शव फेला पारी / निकाली घटनास्थल सुरक्षित राखेको, थप उद्दार, अनुसन्धान तथा कानुनी कार्यको लागि जिप्रकाबाट प्र.नि. बिनालाल साह तेलिको कमाण्डमा टोली खटि गएको। | पहिरोले पुरी मृत्यु २ जना |
| ८ | पाँचथर | पाँचथर १२ गते ०५४५ बजे अविरल वर्षाको कारण फिदिम नपा १ साँगेबोटेस्थितमा पहिरो गई राजकुमार नेम्बाङको घरमा डेरा लिई ऐ.फुरूङ्गा हाईड्रो पावरमा काम गर्ने निम्न मानिसहरू मृत्यु, वेपत्ता र घाईते भएको भन्ने खबर प्राप्त हुन साथ जिप्रका पाँचथरबाट प्रसनिको टोली खटिगई घाईते/ मृतकलाई उद्धार गरि घाईतेहरूलाई उपचारको लागि जिल्ला अस्पताल पाँचथर पठाएको, बेपत्ताहरूको खोज तलास भईरहेको र मृतकलाई पहिरोबाट निकाली घटनास्थल सुरक्षित राखेको, उक्त पहिरोले ५ वटा बाख्रा, ३ वटा गोरू, १ वटा सुगुर र कुखुरा १ वटा, उक्त घर र घरभित्र रहेको सम्पुर्ण सामान तथा कागजपत्रहरू पुरिएको ,थप उद्दार, अनुसन्धान तथा कानुनी कार्यको लागि जिल्ला प्रहरी कार्यालय पाँचथरबाट प्रनिको टोली खटिगएको।<br>**मृतकः-**<br>१.जिल्ला पाँचथर फिदिम नपा १ कातिके घर भई हालःफुरूङगा हाईड्रो पावरमा काम गर्ने कर्मचारी बर्ष ५० को गोपी बिश्वकर्मा।<br>**बेपत्ताहरूः-**<br>१.जिल्ला पाँचथर फिदिम नपा १ बस्ने बर्ष ५०/५१ को कृष्ण दास।<br>२.निजको श्रीमति बर्ष ४०/४१ कि कमला दास।<br>३.ऐ.बस्ने बर्ष ५५ को धन कुमार तुम्वापो।<br>४.ऐ.बस्ने राजेश तुम्वापोको श्रीमति वर्ष २१ कि सरस्वता तुम्वापो।<br>घाईते २ जना भन्ने बुझिएको हाल सम्म अस्पताल नपुगेको | पहिरोले १ मृत्यु , ४ बेपत्ता |